# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, फागुन ९ गते २०५८ साल (अतिरिक्ताङ्क ७१

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

निर्वाचन आयोगले राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा ५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४९ को खण्ड (क) बमोजिम रिक्त हुन आएको राष्ट्रिय सभा सदस्य स्थान एकमा बाँकी अवधिको लागि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ख) बमोजिम पदपूर्ति गर्न २०५८ साल फागुन २७ गतेका दिन बिहान ८.०० बजेदेखि अपराह्न ५.०० बजेसम्म मतदान हुने गरी मिति र समय तोकेको छ।

### सूचना २

निर्वाचन आयोगले राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सभा सदस्य स्थान एकको लागि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ख) बमोजिम २०५८ साल फागुन २७ गते हुने निर्वाचनको निमित्त संसदका कार्यवाहक महासचिव श्री सूर्यकिरण गुरुङ्गलाई निर्वाचन अधिकृत नियुक्त गरी संसद सचिवालयको भवनमा निर्वाचन अधिकृतको कार्यालय रहने गरी स्थान तोकेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

निर्वाचन आयोगले राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा २०क. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सभा सदस्य स्थान एकको लागि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ख) बमोजिम २०५८ साल फागुन २७ गते हुने निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि निर्वाचन अधिकृतको कार्यालय संसद भवन, सिंहदरबारमा मतदान केन्द्र रहने गरी तोकेको छ ।

## सूचना ४

निर्वाचन आयोगको मिति २०५६ साल साउन २७ को निर्णयानुसार नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) नामक राजनैतिक संगठन वा दललाई निर्वाचन प्रयोजनको लागि मान्यताप्राप्त राजनैतिक संगठन वा दलको रुपमा स्वीकृत गरिएकोमा उक्त दलको मिति २०५८ साल फागुन ३ को माग अनुसार निर्वाचन आयोगको मिति २०५८ साल फागुन ६ को निर्णयानुसार सो दललाई निर्वाचन प्रयोजनको निमित्त मान्यताप्राप्त राजनैतिक संगठन वा दलको सूचीबाट हटाई सो दललाई प्रदान गरिएको निर्वाचन चिन्ह "पाँचकुने तारा" सो दलको लागि संरक्षित गरिएको निर्वाचन चिन्हको सूचीबाट समेत हटाइएको हुँदा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २३ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
शम्भुप्रसाद खनाल
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
1222